# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५] काठमाडौं, वैशाख ८ गते २०३२ साल [संख्या २

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले अन्त.शुल्क कार्यालय सिराहाको कार्यालय भवन निर्माणको लागि सगर– माथा अञ्चल, सिराहा जिल्ला, महिसोथ प्रगन्ना, महिसोथ गा. पं. वार्ड नं. ३ अन्तर्गत पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व अजान कबैतनी, प्रतापकिसुन यादव, हुंमाराउत यादव, रामदल ठाकुर वरही, सिंहेश्वर शाहसुदी र रुकिया कुरमिनी समेतको जग्गा, पश्चिम सगमलाल यादवको जग्गा र अतिथिभवन, उत्तर सिराहा जिल्ला पञ्चायत कार्यालय प्रशासकीय भवनको सिमाना र दक्षिण भक्तनिधी तिवारी, गंगिया हलुवाइन, फिसनी धुनियाइन र काशी मियाको जग्गा र सिराहा गोलबजार सडक यति चारकिल्ला भित्रको कित्ता नं. १६८ को ०-१-१५ पूरै, कि.नं. १६९ बाट ०-१-१५, कि.नं. १७४ बाट ०-०-१५, कि. नं. १७५ को ०-१-० पूरै, कि. नं. १७६ को

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।